नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

# रक्षा मन्त्रालय

## प्रेस-विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज उहाँकै कार्यकक्षमा संयुक्त अधिराज्यका रक्षा राज्यमन्त्री H.E. Mr. Mark Lancaster ले शिष्टाचार भेट गर्नुभयो ।

राज्यमन्त्री Mr. Mark Lancaster लाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले नेपाल र संयुक्त अधिराज्यबीच परापूर्वकालदेखि नै अत्यन्त घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्ध रहेको र नेपालको पहिलो कूटनैतिक सम्बन्ध भएको देश संयुक्त अधिराज्य भएको कुराको स्मरण गर्दै यो भ्रमणबाट दुई देशबीचको सम्वन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । माननीय उपप्रधानमन्त्रीले धेरै नेपाली युवाहरूले गोर्खा सैनिकका रूपमा सेवा गरेको र भूतपूर्व गोर्खा सैनिकका रूपमा रहेका नेपालीप्रति संयुक्त अधिराज्य सरकारले पेन्सन लगायतका सुविधामा विभेद गर्न नहुने धारणा स्पष्ट रूपमा अगाडि राख्नुभयो । साथै उहाँले दुई देशबीच सरकार तथा सैनिकस्तरमा मात्र नभई जनस्तरमा समेत अत्यन्त हार्दिक सम्वन्ध रहेको चर्चा गर्दै संयुक्त अधिराज्यसँग नेपालले कृषि, पर्यटन, जनशक्ति विकास, जलविद्युत आदि क्षेत्रमा सहयोगको अपेक्षा राखेको कुरा व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा संयुक्त अधिराज्यका रक्षा राज्यमन्त्री H.E. Mr. Mark Lancaster ले दुई देशबीच पुस्तौंदेखि सुमधुर सैनिक एवं कूटनीतिक सम्बन्ध रहेको चर्चा गर्दै विगत दुईसय वर्षभन्दा पहिलादेखि गोर्खा सैनिकका रूपमा सेवा गरिरहेका सेवा निवृत्त सैनिकहरूको उच्च योगदानलाई कदर गर्दै भूतपूर्व गोर्खा सैनिकको निवृत्तिभरण सहितका सुविधामा हालै वृद्धि गरिएको र त्यसका लागि आफूले सक्दो पहल गरेको कुरा बताउनुभयो । नेपालको आर्थिक सामाजिक विकासमा सहयोग गर्न पाएकोमा संयुक्त अधिराज्य सरकारको तर्फबाट खुसी व्यक्त गर्दै उहाँले संयुक्त अधिराज्य सरकारले नेपाललाई उपलब्ध गराई रहेको सहयोगलाई आगामी दिनमा पनि निरन्तर जारी राख्न संयुक्त अधिराज्य सरकार इच्छुक रहेको विचार व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा नेपालका लागि संयुक्त अधिराज्यका महामहिम राजदूत, काठमाण्डौंस्थित संयुक्त अधिराज्यको राजदूतावासका अधिकारीहरू, रक्षा मन्त्रालयका सहसचिव श्री बाबुराम गौतम र परराष्ट्र मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति थियो ।

(बाबुराम गौतम)
सह-सचिव एवं प्रवक्ता
रक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौं
१० फागुन, २०७५